जि.प्र.द.नं.०४/०५६/०५७
जि.हु.का.द.नं.०२/०६४/०६५

विकास, विचार र ताजा समाचारको स्वतन्त्र खुराक

धादिङ आवाज दैनिक
DHADING AAWAJ DAILY

बाढी, पहिराको जोखिम स्थानमा बसेकाहरु समयमै सुरक्षित स्थानमा जाऔं।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

वर्ष १८, अंक ३५२ पृष्ठ संख्या ४, शनिबार, ३ भदौं, २०७४ | 19 Aug 2017 | मुल्य रु. ४/-

बाणिज्य मन्त्री विश्वकर्माको प्रतिबद्धता

# खानी उत्खनन्मा जोड दिइने

❐ धादिङ आवाज संवाददाता

**धादिङ भदौ २ गते ।** उत्तरी धादिङको रुबिभ्याली गाउँपालिकाको विभिन्न भागमा रहेको बहुमुल्य धातुहरुको खानी उत्खलन र प्रशोधन गर्नको लागी वाणिज्य मन्त्रालय तयार भएको बाणिज्य मन्त्री मिन बहादुर विश्वकर्माले बताउनुभएको छ ।

धादिङमा यस्ता बहुमुल्य धातुहरुको प्रचुर सम्भावना भएरपनी त्यसको उत्खलन र प्रशोधनको लागी ध्यान नदिदा बहुमुल्य बस्तुहरु खेर गईरहेको उहाले बताउनुभयो । एउटा समिति बनाएर धातुहरुको उत्खनल र प्रशोधन गर्ने भनेर योजना ल्याउनुहोस यसमा हाम्रो मन्त्रालयले आर्थिक सहयोग गर्छ, उहाले भन्नुभयो । नेपाल सुनचाँदी कला व्यावसायी संघ धादिङको दर्शौं बार्षिक उत्सव तथा चौथो अधिवेशनलाई सम्बोधन गर्दै उनले देशको व्यापार घाटाको चार प्रतिशित सुनले ओगेटेको भन्दै व्यापार घाटा कम गर्नको लागी सुनका गरगहना विदेश निर्यात गर्न सके सुन निर्यातमा भएको व्यापाघाट व्यहोर्नुनपर्ने स्पष्ट पार्नुभयो । सुनचादी व्यावसायमा लाग्ने जातीहरुसँग सम्पतीको रुपमा पैतृक सिप भएको भन्दै उहाले सिपलाई सम्मान गर्न आग्रह गर्नुभयो । एक प्रसंगमा उहाले भैसी पाल्न, बाख्रा पाल्न ऋण दिने बैंकले सुन व्यावसाय गर्नको लागी ऋण नदिएको भन्दै यसभित्र रहेको कानुनी जटिलताहरु हटाउनुपर्ने धारणा राख्नुभयो। कार्यक्रमका प्रमुख अतिथि समेत रहनुभएका मन्त्री विश्वकर्माले सुन खरिद प्रक्रियालाई व्यावस्थापन (बाँकी पृष्ठ ३ मा)



# त्रिशुलीको भेलमा सशस्त्रको अभ्यास

❐ धादिङ आवाज संवाददाता

**चितवन, भदौ २ गते ।** सशस्त्र प्रहरी बल नेपालले त्रिशूलीको भेलमा विपद् व्यवस्थापनसम्बन्धी अभ्यास गरेको छ ।

यात्रुबाहक बस दुर्घटना भई त्रिशूली नदीको भेलमा 'बचाउ-बचाउ' भनी चिच्याइरहेका यात्रुलाई तत्कालै कसरी उद्धार गर्न सकिन्छ भनी परिकल्पना गरेर विहीबार उक्त अभ्यास सञ्चालन गरिएको हो । सशस्त्र प्रहरी बल विपद् व्यवस्थापन तालीम केन्द्र, कुरिनटार चितवनबाट परिचालित जनशक्तिले भदौको भेलमा त्रिशूलीमा बगिरहेका यात्रुको सकुशल उद्धारसँगै उपचार गरेको परिघटना प्रस्तुत गरेका थिए । पृथ्वी राजमार्गको नौबिसे-मुङ्लिन तथा नारायणगढखण्ड धेरै सडक दुर्घटना हुने क्षेत्र मानिन्छ । विगतमा यस क्षेत्रमा पटक-पटक धेरै ठूलाखाले सडक दुर्घटना भएका थिए । बाढीपहिरोका कारण त्रिशूली नदीमा बगिरहेको व्यक्तिलाई सशस्त्र प्रहरी बलका विपद् व्यवस्थापनसम्बन्धी तालीम प्राप्त पौडीबाजले झोलुंगे पुलबाट डोरीको सहायताले हाम फालेर कसरी बचाउँछ भन्ने कहालीलाग्दो तर सफल दृश्यसमेत उक्त अभ्यासको क्रममा प्रस्तुत गरियो ।

सशस्त्र प्रहरी बलले विपद् व्यवस्थापन सम्बन्धी एक हजार १२०, गोताखोर २२, अग्निनियन्त्रक ५७, आपत्कालीन खोज उद्धार ५७ जना निपूण जनशक्ति तयार गरिसकेको छ। प्राकृतिक विपत्तिको समयमा खोज तथा उद्धार गर्ने सन्दर्भमा हाल मध्यम खालको खोज तथा उद्धारको तयार गर्ने कार्यमा सशस्त्र प्रहरी लागिपरेको छ । सशस्त्र प्रहरी बलले काठमाडौं उपत्यकालगायत मुलुकका सात स्थानमा उद्धार सामग्रीसहित ५०/ ५० जनाको विपद् व्यवस्थापन तालीम प्राप्त जनशक्ति उपकरणसहित तैनाथ गरिसकेको छ। फेवातालमा भएको डुंगा दुर्घटनादेखि जाजरकोटमा भएको बस दुर्घटनामा पनि सशस्त्र प्रहरी बलका जनशक्तिले आफ्नो दक्षता प्रस्तुत गरिसकेका छन् । सीमा सुरक्षा र दंगा नियन्त्रण गर्ने उद्देश्यले गठन भएको सशस्त्र प्रहरी बलले मुलुकका विभिन्न भागमा सञ्चालन गरेको विपद् जोखिम न्यूनीकरण जनचेतना कार्यक्रममा ५१० विद्यालय र १२४ समुदायका गरी एकलाख ५० हजार जनाभन्दा बढीको सहभागिता भइरहेको तालीम केन्द्रका प्रमुख वरिष्ठ प्रहरी उपरीक्षक हरिशंकर बुढाथोकीले जानकारी दिनुभयो ।

खोज र उद्धारमा काविल सशस्त्र प्रहरीको जनशक्तिबाट भूकम्पको बेला भएको योगदानको सर्वत्र प्रशंसा भएको थियो । बलका प्रहरी निरीक्षक लक्ष्मण बस्नेतको अगुवाइमा २०७२ साल वैशाखमा भूकम्प गएको छ दिनपछि गोंगबु क्षेत्रमा घरले च्यापिएको अवस्थामा रहेका पेम्वा लामालाई सकुशल उद्धार गर्न सशस्त्र (बाँकी पृष्ठ ३ मा)

# राहत वितरणमा आचार संहिता पालना गर्न निर्देशन

❐ धादिङ आवाज संवाददाता

**काठमाण्डौ भदौ २ गते ।** निर्वाचन आयोगले बाढी र पहिराबाट पीडित प्रदेश नं २ का नागरिकका लागि राहत वितरणमा निर्वाचन आचारसंहिता पालनाको व्यवस्था मिलाउन सम्बन्धित जिल्लाका प्रजिअलाई निर्देशन दिएको छ ।

प्रमुख निर्वाचन आयुक्त डा अयोधिप्रसाद यादवको अध्यक्षतामा बिहीबार बसेको बैठकले प्राकृतिक प्रकोपपीडितका लागि नेपाल सरकारको एकद्वार प्रणालीबाट राह वितरण भइरहेकामा उद्धार एवं राहत वितरणका नाममा आगामी असोज २ गते हुने स्थानीय तहको तेस्रो चरणको निर्वाचनको स्वच्छता तथा निष्पक्षतामा प्रतिकूल प्रभाव नपरोस् भन्नेमा आयोग सचेत रहेको जनाउँदै निर्देशन दिएको हो । आयोगका प्रवक्ता सूर्यप्रसाद शर्माले जारी गरेको विज्ञप्तिमा बिहीबारदेखि लागू भएको निर्वाचन आचारसंहिताको उल्लंघन हुन नदिन राहत वितरण गर्ने राजनीतिक दल र संघसंस्थाको राहत सामग्री जिल्लागत रुपमा गठित जिल्ला दैवीप्रकोप व्यवस्थापन समितिलाई उपलब्ध गराउन र समितिमा प्राप्त राहत सामग्रीलाई उच्च प्राथमिकता दिई वितरण गर्ने व्यवस्था मिलाउन प्रजिअलाई निर्देशन दिइएको जनाइएको छ। रासस

# विमानस्थलमा १० करोडको क्षति

❐ धादिङ आवाज संवाददाता

**विराटनगर भदौ २ गते ।** विराटनगर विमानस्थलमा १० करोड रुपैयाँ बराबरको क्षति भएको नेपाल नागरिक उड्यन प्राधिकरणले जनाएको छ ।

प्राधिकरणले शुक्रबार विराटनगर विमानस्थलमा पत्रकार सम्मेलन गर्दै विमानस्थल सञ्चालन तथा क्षतिको बारेमा जानकारी गराएको हो । प्राधिकरणका महानिर्देशक सचिन गौतमले विमानस्थलमा महँगा उपकरण जडान हुने हुँदा झण्डै १० करोड रुपैयाँको क्षति भएको प्रमरम्भीक अनुमान गरिएको जानकारी दिनुभयो । 'विमानस्थलमा महँगा सामाग्री थिए बाढीले गर्दा बिगारेको छ' उहाँले भन्नुभयो 'हामीले प्रारम्भिक अनुमान मात्र गरेका छौ, प्रारम्भिक क्षतिको विवरण अनुसार झण्डै १० करोड रुपैयाँको क्षति भएको छ।' उहाँले विमानस्थल पहिलाको अबस्थामा आउनको लागि अझै एक महिना लाग्ने जानकारी दिनुभयो। भौतिक स्टक्चर, बल्भ व्यवस्थापन समस्याको विषय भएको गौतमको भनाई छ। बल्भ व्यवस्थापनको लागि सबै विमानस्थलहरुसँग सहकार्य गरेर केन्द्रीय कार्यालयले समेत त्यसको व्यवस्थापन गर्ने गरी पहिलेको अबस्थामा विमानस्थल सञ्चालनमा ल्याउन सकिने प्राधिकरणको धारणा छ ।

शनिबारदेखि विराटनगर विमानस्थल सञ्चालनमा आउने छ। विमानस्थल सञ्चालनको लागि हिलो हटाउन ५० घण्टा समय लागेकोले सामान्य रुपमा सञ्चालन गर्न सकिने गरी शनिबार बिहान ९ बजेदेखि विमानस्थल खुल्ला हुने क्षेत्रीय निर्देशक सुरेशमान सिंहले जानकारी दिनुभयो। विमानस्थललाई पूर्ण क्षमता सञ्चालन योग्य तुल्याउन विभिन्न मर्मत, नयाँ जडान तथा सरसफाईका कामहरु सम्पन्न गर्न समय लाग्ने भएकोले त्यस अवस्थामा नपुग्दासम्म विमानस्थल बिहान सूर्योदयदेखि सूर्यास्त पूर्व मात्र सञ्चालनमा आउने सिंहले पत्रकार सम्मेलनमा जानकारी दिनुभयो।

विमानस्थल सञ्चालनमा आउने भएसँगै शनिबार ५ उडान हुने भएको छ। यति एयरलायन्सले २ वटा उडान भर्ने छ। सूर्य एयरलाएन्सले ३ उडान गर्ने प्राधिकरणले जानकारी दिएको छ। बुद्ध यएरलाएन्सले भने आइतबार र नेपाल एयरलायन्सले सोमबारदेखि उडान भर्ने छन्।

# निर्वाचन आयोगको १७ बुदें निर्देशन

❐ धादिङ आवाज संवाददाता

**काठमाण्डौ भदौ २ गते ।** निर्वाचन आयोगले प्रदेश नम्बर २ मा हुने स्थानीय तहको चुनावको लागि सरकारलाई १७ बुँदे निर्देशन दिएको छ ।

प्रदेश नम्बर २ मा हुने स्थानीय तहको चुनावको शान्ति सुरक्षाको विशेष व्यवस्था मिलाउन सरकारलाई निर्देशन दिएको हो । आयोगले कानून बमोजिम हात हतियार राख्न वा लिएर हिंड्न नपाउने गरी नियन्त्रणको व्यवस्था गर्न पनि सरकारलाई भनेको छ। कानून बमोजिम अनुमति प्राप्त गरेका व्यक्तिका नाममा रहेको बन्दुक, पेस्तोल जस्ता हातहतियार पनि चुनावभरी सम्बन्धित जिल्ला प्रशासन कार्यालयको मातहतमा राख्ने व्यवस्था मिलाउन पनि आयोगले भनेको छ। यस्तै चुनाव भरी रक्सीको उत्पादन तथा विक्रि वितरणमा पूर्ण रोक लगाउन पनि आयोगले सरकारलाई आग्रह गरेको छ ।

## सम्पादकीय....

### राहतमा ढिलाई नगर

२०७२ वैशाखको भूकम्पपछि यतिखेर नेपालले अर्को ठूलो प्राकृतिक प्रकोपको सामना गर्नुपरिरहेको छ। विगत केही दिनदेखिको अविरल वर्षाका कारण तराईका अधिकांश जिल्ला बाढी र डुबानको चपेटामा परेका छन्, यो विगत दुई दशकयताकै सबैभन्दा ठूलो वर्षाजन्य प्रकोप भएको मौसमविद्हरूले बताएका छन्। वर्षाको प्रभाव सबैभन्दा बढी पूर्वी तथा मध्यतराईका जिल्लाहरूमा देखिए पनि पश्चिम नेपालमा समेत यसको प्रभाव देखिएको छ। विशेषतः भारतसँगको सीमावर्ती क्षेत्रका अधिकांश गाउँ, बस्ती डुबानमा परेका छन्। यस वर्ष भारतसँग सीमा जोडिएका जिल्लाहरूमा बढी बाढी र डुबानको समस्या देखिनुमा भारतले नेपालको सीमावर्ती क्षेत्रमा निर्माण गरेका बाँधजस्तो राजमार्गको पनि मुख्य भूमिका देखिएको छ, जसका कारण साना खहरे खोलाहरूले समेत निकास नपाएर ठूलो क्षति भएको छ। हजारौं बिघा खेतियोग्य जमिन या त खोला, नदीले कटान गरेको छ, या डुबानमा पारेको छ। मुख्य राजमार्गहरूमै ठाउँठाउँमा पहिरो गएर छेकिएको, सडक तथा पुल धस्सिएको जस्ता कारणले आवागमन पूरै प्रभावित भएको छ। नेपाल प्राकृतिक प्रकोपका दृष्टिकोणले विश्वकै अधिक संवेदनशील मुलुकहरूभित्र पर्छ भन्ने तथ्य नौलो होइन। कुनै पनि क्षेत्रमा छोटो अवधिमा बारम्बार फरक फरक प्रकृतिका प्राकृतिक प्रकोप झेल्नुपरेको र त्यसबाट आर्थिक, सामाजिक तथा मानवीय क्षति बेहोर्नुपरिरहेको मुलुकभित्र नेपाल अग्रपंक्तिमा पर्छ। भूकम्पका कारण लडेका घर अझै उठ्न नसकेको अवस्थामा बाढीपहिरो र डुबानपीडितको पुनःस्थापना र राहतका लागि राज्यले ठोस पहल गर्छ भन्ने विश्वास गर्न सकिने अवस्था छैन। बाढी र डुबानले खेतीयोग्य जमिनको समेत नोक्सानी गर्ने भएकाले यसले बाढीपीडितहरूको जीविकोपार्जनमा समेत गम्भीर असर पार्छ। यसपालिको अविरल वर्षासँगै आइरहेको बाढी तथा त्यसको प्रभावले उत्पन्न डुबानले हामी कसरी जलवायु परिवर्तनको सिकार हुँदै गइरहेका छौं भन्ने कुराको बोध गराउँछ। हामीकहाँ हरेक वर्ष प्राकृतिक प्रकोपका विभिन्न घटना दोहोरिइरहेको भए पनि यसप्रतिको संवेदनशीलता निकै न्यून भएकाले नै हरेक वर्ष प्रकोपजन्य क्षति बढेको हो। सबैभन्दा आपत्तिजनक विषय प्रकोप व्यवस्थापनमा सरकारी निकायहरूबीच नै सामन्जस्यता छैन। यदि भएकै संयन्त्रहरूबाट पनि बेलैमा प्रकोपपूर्व र पश्चात् उपकरण, स्रोतसाधनसहित जनशक्ति परिचालन गर्ने हो भने प्रकोपपीडितहरूले बेलैमा राहत र उद्धार पाउन सक्छन्। यसमा ढिलाई गर्नु हुँदैन।


**पाठक वर्गमा हाम्रो अनुरोध**

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ आवाज दैनिक तपाईहरुलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह सुझावको लागि हामी अनुरोध गर्दछौं। तपाईहरुको लेख, रचना भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ। तपाईहरुले पठाउनुभएको सामाग्रीलाई बढी प्राथमिकता दिई हामी प्रकाशन गर्नेछौं।

**धादिङ आवाज दैनिक**

नीलकण्ठ न.पा -३ पुछारबजार

सम्पर्क फोन :०१०-५२०६१५

Email:dhadingawajdaily@gmail.com


# प्रकोप व्यवस्थापनमा स्थानीय सरकार

**विचार**

गजेन्द्र बुढाथोकी

लगातार पाँच दिनदेखि डुबान, बाढी, पहिरोको प्रकोप बढेपछि बल्ल सरकारले छेपारोका कथा स्मरण गराउँदै राहत र उद्धारमा खट्न सबै सरकारी निकायलाई निर्देशन दिएको छ।

विपद् सुरु भएपछि बल्ल सरकारले बाढी तथा डुबान प्रभावित क्षेत्रमा भत्किएका तथा डुबानमा परेका घर तथा बस्तीहरूको अध्ययन गरी तत्काल अस्थायी आवास योजना तयार पार्न, बाढी तथा डुबान प्रभावितहरूलाई तत्काल खाद्यान्न सेट बनाई जिल्ला दैवी प्रकोप उद्धार समितिको समन्वयमा वितरण गर्न, निरन्तरको बाढी तथा कटानबाट क्षति भएका विभिन्न नदी तथा खोलाका तटबन्ध तत्काल पुनर्निर्माण गर्ने र अन्य जोखिमयुक्त तटबन्धहरूको मर्मत सम्भार गर्न, राजमार्ग तथा अन्य सहायक मार्गहरू र सोमा रहेका पुल पुलेसाहरूलाई तत्काल मर्मत गरी सवारी आवागमन सुचारु पार्न, बाढी तथा डुबान प्रभावित क्षेत्रमा सरुवा रोग नियन्त्रणका लागि औषधिसहितको स्वस्थ्यकर्मीहरूको टोली पठाउन पहल थालेको छ। अर्थात्, वर्षका ११ महिना निदाएको सरकार भर्खर ब्यूँझिएको छ।

खाद्यसंकट र गरिबी

यस पटकको अतिवृष्टिले देशमा खाद्यसंकट बढाउने र त्यसले गरिबीको अनुपातसमेत बढाउने जोखिम अत्यधिक छ। तराई मधेसका २२ जिल्लामध्ये २० जिल्लाको ८० प्रतिशत धानखेती डुबानमा परेकाले यो वर्ष धान उत्पादनमा व्यापक गिरावट आउनेछ, जसको असरले कृषिक्षेत्रको वृद्धिदर घट्ने र त्यसकै असरले समग्र आर्थिक वृद्धिदरमा समेत कमी आई औसतमा वृद्धिदर साढे ३ देखि ४ प्रतिशतको बीचमा रहने देखिएको छ।

धान खेती मात्र होइन, तरकारी, फलफूल बाली र माछापालनमा समेत बाढीपहिरोको प्रकोप बढेको छ। बाढीले कटान गरेका खेतहरूमा मात्र होइन, डुबानमा परेका खेतमा समेत लामो समयसम्म खेती हुन सक्ने अवस्था रहँदैन।

त्यसैले यस पटकको मौसमी प्रकोपले गर्दा देशमा खाद्यसंकटको जोखिम बढाएको छ। भनिरहनु पर्दैन, प्राकृतिक प्रकोपको सबैभन्दा बढी प्रभाव गरिब र गरिबीको रेखाआसपासमा रहेका नागरिकमा पर्छ। प्रायः विपन्न परिवारहरूको बसोबास नदी, खोलाकिनार आसपासमा हुने गरेको छ।

नेपालको भूस्वामित्व र सम्पत्ति व्यवस्थापनका परम्परागत सोच व्यवहारका कारण ससानो अनुपातको भूमि हुने वा भूस्वामित्व नै नहुने कृषि श्रमिकहरूको संख्या अत्यधिक ठूलो छ। जो यस्ता प्रकोपहरूबाट पहिले पीडित हुने गरेका छन्। एक पटक डुबान वा बाढीमा परेर बासस्थान तथा गरिखाने खेतबारी कटान भइसकेपछि उनीहरूलाई पुनःस्थापित हुन नै लामो संघर्ष गर्नुपर्ने हुन्छ। दुई वर्षअघिका बर्दिया र दाङका बाढीपीडितहरूको अझै पुनःस्थापना हुन नसक्नु यसको उदाहरण हो।

सरकारसँग पनि बाढी तथा डुबान पीडितका लागि ठोस पुनःस्थापनाका कार्यक्रमहरू छैनन्, यसका लागि न कुनै स्थायी प्रकृतिको निकाय छ, न त भएका निकायहरूमा नै कुनै अधिकार प्रत्योजित नै गरिएको छ। तत्काललाई टालटुले ढंगले केही रकमको राहत बाँढेर सरकारले आफ्नो दायित्व पूरा भएको भन्ठान्ने प्रवृत्ति छ।

गरिबीको लघुक्षेत्र

अनुमानलाई क्षेत्रगत आधारमा हेर्दा प्रदेश नं. १ मा गरिबी १५.७४ प्रतिशत, प्रदेश नं. २ मा २७.९५ प्रतिशत, प्रदेश नं. ३ मा २०.३३, प्रदेश नं. ४ मा २०.५३, प्रदेश नं. ५ मा २५.८६, प्रदेश नं. ६ मा ३८.३१ र प्रदेश नं. ७ मा सर्वाधिक धेरै ४०.८ प्रतिशत रहेको देखिएको छ। अहिलेको बाढी तथा पहिरोले बढी प्रभावित तुल्याएका तराई क्षेत्रका जिल्लाहरूको मात्र औसत गरिबी अनुपात करिब २८ प्रतिशतजति देखिन्छ, जुन राष्ट्रिय औसत २५ प्रतिशतभन्दा केही बढी हो। अझ तराईको पनि भित्री देहात क्षेत्रको मात्र तत्कालीन गाविसगत औसत हेर्ने हो भने ४५ देखि ६५ प्रतिशतसम्मको गरिबी गहिरिएको देखिन्छ।

उदाहरणका लागि सप्तरीका तत्कालीन बथनाहा, भगवतपुर, महदेवा, जोगिनिया, इनर्वा, गौइठी, पकरी, हनुमाननगर, पोर्ताहासहितका गाविसमा ४५ प्रतिशतभन्दा बढी गरिबी छ भने सदैव बाढी र डुबानको प्रकोप झेल्दै आएको तत्कालीन गोबरगाढा गाविसमा ६४.८ प्रतिशत गरिबी छ।

अन्य जिल्लाको पनि देहात क्षेत्रको अवस्था योभन्दा फरक छैन। गरिबीको रेखामुनिको जनसंख्याबाहेक गरिबीको रेखाआसपासमा रहेका ४० प्रतिशत जनसंख्या यस्ता प्राकृतिक प्रकोपबाट पुनः गरिबीको रेखामुनि धकेलिने गरेको विभिन्न निकायले गरेका फरक-फरक अध्ययनले देखाएका छन्।

स्थानीय सरकारको दायित्व

वास्तवमा प्राकृतिक प्रकोपको तत्काल उद्धार र पुनःस्थापनामा स्थानीय सकारले मुख्य भूमिका खेल्नुपर्ने हुन्छ। तर, विडम्बना हामीकहाँ दुई दशकसम्म त स्थानीय सरकारका रूपमा जनप्रतिनिधिहरू नै रहेनन्। भर्खर काम थालेका स्थानीय तहका जनप्रतिनिधिले पनि आफ्नो भूमिका खेल्नेभन्दा केन्द्रको मुख ताकिरहेको देखिएको छ। संविधानप्रदत्त अधिकारसमेत पाएर स्थानीय सरकारले काम थाल्नासाथ यसै वर्ष आइपरेको प्राकृतिक विपद्ले हाम्रा स्थानीय तहलाई अब कसरी काम गर्ने भन्ने आधार पनि दिएको छ।

त्यसैले स्थानीय तहका सबै निकायले अब तत्काले विद्यमान र भविष्यका प्रकोपजन्य जोखिमहरूको पहिचान र त्यसको सूचीकरण गर्ने, आफ्नो संस्थागत क्षमता बढाउने, प्राकृतिक प्रकोपबाट बच्न सुरक्षित क्षेत्र (बफरजोन) हरूको निर्माण गर्ने, नगरक्षेत्रमा पर्याप्त खुला स्थान, बाढी तथा डुबान हुने क्षेत्रहरूमा बलियो मचानजस्ता संरचनाहरू बनाउनेलगायतका काममा पहिलो ध्यान केन्द्रित गर्नुपर्छ।

यसका लागि मुख्य उठ्ने सबाल भनेको हाम्रो स्थानीय तहमा वित्तीय र प्राविधिक सामर्थ्य छ कि छैन भन्ने नै हो। भर्खरै हामीले संघीयताअनुसारको शासन प्रणाली अवलम्बन गर्न थालेकाले स्थानीय तहमार्फत नै प्रकोप व्यवस्थापन गराउन संघीय/केन्द्रीय सरकारले नीतिगत, कानुनी, संरचनागत व्यवस्थापनसहित वित्तीय स्रोत आन्तरिक तथा बाह्य तहबाट प्रबन्ध गर्नुपर्ने हुन्छ।

पटक-पटक विभिन्न किसिमका विपद् झेल्दै आएको हाम्रोजस्तो प्रकोपजन्य अतिजोखिम भएको देशमा विपद् व्यवस्थापनको न प्रभावकारी राष्ट्रिय नीति-रणनीति छ, न त त्यसका लागि कुनै ठोस र प्रभावकारी कानुन नै। त्यसैले तत्कालै अन्तर्राष्ट्रिय अनुभव र अभ्यासको समेत अध्ययन गरी नेपालको आफ्नै आवश्यकता अनुसारको तत्कालै विपद् व्यवस्थापन कानुन बनाउनुपर्ने बेला भइसकेको छ।

उक्त ऐनको कार्यान्वयनका लागि शक्ति, साधन, स्रोत र जनशक्ति सम्पन्न विपद् व्यवस्थापन संयन्त्र गठन गरिनुपर्छ। अतिराजनीतीकरण भयो, कर्मचारीहरूमा पैसामुखी सोच भयो भने कसरी अधिकारसम्पन्न निकाय पनि पंगु हुन्छ भन्ने कुराको उदाहरण पुनर्निर्माण प्राधिकरणले देखाइसकेको छ। त्यसैले हाल भएकै जलउत्पन्न प्रकोप नियन्त्रण विभाग, भूसंरक्षण विभाग, सशस्त्र प्रहरी, दमकल र गृहमन्त्रालयको विपद् व्यवस्थापन महाशाखालाई गाभेर स्वायत्त मन्त्रालयअन्तर्गत रहने गरी अथवा प्रधानमन्त्रीकै तहबाट नेतृत्व हुने गरी विपद् व्यवस्थापन संयन्त्र बनाइनु उपयुक्त हुनेछ।

यो निकाय सोझै संसद्प्रति मात्र उत्तरदायी बनाइनुपर्छ र यसलाई सबै किसिमका राजनीतिक हस्तक्षेपबाट मुक्त तुल्याइनुपर्छ। प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा हरेक वर्ष सरकारबाट विनियोजित बजेटमात्र होइन, बाढी-पहिरो वा भूकम्पको प्रकोपका बेला स्वदेशी तथा विदेशीले (बाँकी पृष्ठ ३ मा)

> वभिन्न किसिमका विपद झेल्दै आएको हाम्रोजस्तो प्रकोपजन्य अतिजोखिम भएको देशमा विपद व्यवस्थापनको न प्रभावकारी राष्ट्रिय नीति-रणनीति छ, न त त्यसका लागि कुनै ठोस र प्रभावकारी कानुन नै । त्यसैले तत्कालै अन्तर्राष्ट्रिय अनुभव र अभ्यासको समेत अध्ययन गरी नेपालको आफ्नै आवश्यकता अनुसारको तत्कालै विपद व्यवस्थापन कानुन बनाउनुपर्ने बेला भएको छ ।

# वैदेशिक रोजगारीमा जानेको संख्या दोब्बरले बढ्यो

❑ धादिङ आवाज संवाददाता

**काठमाण्डौ, भदौ २ गते ।** वैदेशिक रोजगारीमा जाने युवाको संख्या १० वर्षमा झण्डै दोब्बरले बढेको छ।

वैदेशिक रोजगार विभागको तथ्याङ्क अनुसार यो अवधिमा रोजगारीमा विदेश जानेको संख्या ९५ प्रतिशतले बढेको हो। आर्थिक वर्ष २०६३/६४ मा श्रमस्वीकृति लिएर रोजगारीमा युवाको संख्या दुई लाख चार हजार ५३३ थियो। यो संख्या बढेर आर्थिक वर्ष २०७३/७४ मा तीन लाख ९८ हजार ९७८ पुगेको छ। विभागको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०६४२६५ मा दुई लाख ४९ हजार ५१ जना, २०६५/६६ मा दुई लाख १९ हजार ९६५, २०६६/६७ मा दुई लाख ९४ हजार ९४, २०६७/६८ मा तीन लाख ५४ हजार ७१६, २०६८/६९ मा तीन लाख ८४ हजार ६६५ जना रहेका छन्। त्यस्तै, आर्थिक वर्ष २०६९/७० मा चार लाख ५३ हजार ५४३, २०७०/७१ मा ५ लाख २७ हजार ८१४, २०७१/७२ मा ५ लाख १२ हजार ८८७ र २०७२/७३ मा चार लाख १८ हजार ७१३ जना श्रमस्वीकृति लिएर रोजगारीका लागि विदेश पुगेका हुन्। २०६३/६४ सालदेखी मात्रै रोजगारीका लागि विदेशजानेको लैंगिक आधारमा तथ्याङ्क राख्न सुरु गरिएको विभागका सुचना अधिकारी मोहन अधिकारीले जानकारी दिनुभयो।

तथ्याङ्क राख्न थालेपछिको १० वर्षमा रोजगारीका लागि विदेश जाने महिलाको संख्या पनि बढेको छ। तथ्याङ्क राख्न सुरु गरेको आर्थिक वर्षमा श्रमस्वीकृति लिएर तीन सय ९० जना महिला विदेश गएका थिए। यो संख्या बढेर आर्थिक वर्ष २०७३/७४ मा २० हजार ५८३ पुगेको छ। आव २०६४/६५ मा चार हजार ६८५, २०६५/६६ आठ हजार ५९४, २०६६/६७ मा १० हजार ५६, २०७६/६८ मा १० हजार ४१६, २०६८/६९ मा २२ हजार ९५८ जना रहेका छन्। त्यस्तै, २०६९/७० मा २७ हजार ७१३, २०७०/७१ मा २८ हजार ९६६, २०७१/७२ मा २२ हजार २८ र २०७२/७३ मा १९ हजार ३०७ जना वैधानिक रुपमा श्रमस्वीकृति लिएर वैदेशिक रोजगारीमा गएका छन्।

अधिकारकर्मीहरुका अनुसार पछिल्लो समय सरकारले महिलालाई घरेलु काममा जान र घरेलु काम गरेर फर्केकालाई पुनः श्रमस्वीकृति दिन रोकेपछि अवैधानिक बाटो हुँदै रोजगारीका लागि विदेश जानेको संख्या बढेको छ। संस्थागत रुपमा रोजगारीका लागि विदेश जाने क्रम ३० वर्ष भन्दा अघि देखि चलेपनि आव २०५०/५१ बाट मात्रै तथ्याङ्क राख्न थालिएको हो।

तथ्याङ्क राख्न सुरु गरिएदेखि अहिलेसम्म ४७ लाख ७७ हजार ६३४ जनाले श्रमस्वीकृति लिएका छन्। तथ्याङ्क राख्न थालिएको वर्ष तीन हजार ६०५ जना रोजगारीका लागि विदेश गएका छन्। आव २०५१/५२ मा दुई हजार १५९, २०५२/५३ मा दुई हजार १३४, २०५३/५४ मा तीन हजार २५९, २०५४/५५ सात हजार ७४५, २०५५/५६ मा २७ हजार ७९६, २०५६/५७ मा ३५ हजार ५४३, २०५७/५८ मा ५५ हजार २५ जना वैदेशिक रोजगारीमा गएको विभागको तथ्याङ्कमा उल्लेख छ। आर्थिक वर्ष २०५८/५९ मा एक लाख चार हजार ७३६, २०५९/६० मा एक लाख ५ हजार ४३, २०६०/६१ मा एक लाख ६ हजार ६६०, २०६१/६२ मा एक लाख ३९ हजार ७१८ र २०६२/६३ मा एक लाख ६५ हजार २५२ जना वैधानिक रुपमा वैदेशिक रोजगारीमा गएका छन्।

# विद्युत प्राधिकरण नाफामा

❑ धादिङ आवाज संवाददाता

**काठमाण्डौ भदौ २ गते ।** ०५९ सालदेखि निरन्तर घाटामा रहेको नेपाल विद्युत् प्राधिकरणले आर्थिक वर्ष २०७३/७४ मा झण्डै सात अर्ब रुपैयाँको घाटा कम गरेर ९७ करोड ८९ लाख रुपैयाँमा सीमित गरेको छ।

व्यवस्थापकीय सुधार, चुहावट नियन्त्रण तथा प्राविधिक सुधारका कारण घाटा रकम उल्लेख्यरुपमा घटाउन सफल भएको हो। प्राधिकरणको ३२ औं वार्षिकोत्सवको अवसरमा बिहीबार काठमाडौंमा आयोजित कार्यक्रममा दिइएको जानकारी अनुसार आव २०७३/७४ मा कूल आय वृद्धि ५० अर्ब २२ करोड ९४ लाख रुपैयाँ हुन पुगेको छ। गएको आवमा विद्युत् बिक्रीबाट ३५ अर्ब सात करोड ३५ लाख रुपैयाँ मात्रै आर्जन गर्न सकेको थियो।

आव २०७२/७३ मा सञ्चालन नोक्सानी तीन अर्ब ६ करोड ३९ लाख रुपैयाँ रहेकामा आव २०७३/७४ मा दुई अर्ब ४० करोड ७३ लाख रुपैयाँमा सीमित हुन पुगेको छ। विद्युत् चुहावट न्यूनीकरण, आयातित विद्युत्को औसत खरिद दरमा कमी, विद्युत् महसुल समायोजन, प्रमुख सहरमा नियमित विद्युत् आपूर्ति, आंशिकरुपमा भएको वित्तीय सुधार एवं पुनः संरचनाले खुद नोक्सानी घटाउन सकिएको प्राधिकरणले जनाएको छ। प्राधिकरणले निजी क्षेत्र र भारतबाट विद्युत् खरिदबाट २८ अर्ब ४५ करोड ७३ लाख रुपैयाँ भुक्तानी गरेको छ।

उपलब्ध विद्युतको कूल परिणाममध्ये खरिद ऊर्जाको परिणाम ६३ दशमलव १६ प्रतिशत भई विद्युत् बिक्रीबाट प्राप्त रकमको ६१ दशमलव ६७ प्रतिशत भुक्तानी गरिएको छ। वार्षिक मूल्यवृद्धिका कारण विद्युत् खरिद लागत २७ दशमलव ४३ रुपैयाँ प्रतिशतले वृद्धि भएको छ। सञ्चालन खर्च उत्पादनतर्फ एक अर्ब ८२ करोड ३९ लाख रुपैयाँ, प्रसारणमा एक अर्ब ९० करोड ७१ लाख रुपैयाँ, प्रशासनतर्फ एक अर्ब ३० करोड ६७ लाख रुपैयाँ रहेको छ। प्राधिकरणले मुलुकभर सञ्चालन गरेको चुहावट नियन्त्रण अभियान सार्थकरुपमा अगाडि बढ्दा करिब तीन प्रतिशत विद्युत् चुहावट कम भएको छ। गत आवमा २५ दशमलव ७८ प्रतिशत चुहावट रहेकामा आव २०७३२७४ मा चुहावट २२ दशमलव ९० मा सीमित गर्न सफल भएको छ। एक प्रतिशतमात्रै चुहावट घटाउँदासमेत एक अर्ब रुपैयाँबराबरको नाफा आर्जन गर्न सकिने विज्ञको भनाइ छ।

## त्रिशुलीको भेलमा ..............

प्रहरी बल सफल भएको थियो। भूकम्पका बेला बलका २२ हजार जनशक्ति परिचालन भएका थिए भने २४५ जना पीडितको पुरिएको भौतिक संरचनाबाट जीवितै उद्धार गरेको थियो। खासगरी अधिक जलप्रवाह भएका खोला तथा नदी र पहाडी क्षेत्रमा हुने प्राकृतिक विपत्तिका घटनामा नेपाली सुरक्षाकर्मीबाट हुँदै आएको खोज र उद्धारको कार्यलाई अरु देशबाट पनि प्रशंसा हुँदै आएको बताउनुहुन्छ बलका वरिष्ठ प्रहरी उपरीक्षक राजु अर्याल। विपद् भनेको खबर दिएर आउने विषय होइन, परेको बेला परिणाम देखिने गरी काम गर्नुपर्दछ, अरु देशका खोज उद्धार टोलीले सेफ्टीलाई ध्यान दिन्छन्, हामी भने जोखिम मोलेर निरन्तर काम गर्दछौं- प्रहरी निरीक्षक बस्नेत भन्नुहुन्छ। समुद्रका कारण हुने विपत्तिबाहेक नेपाल भूकम्पको हिसाबले ११ औं, प्राकृतिक प्रकोपका घटनाका हिसाबले ३० औं र जलवायु परिवर्तनका कारण उत्पन्न हुने जोखिमका हिसाबले चौथो जोखिमपूर्ण मुलुक मानिन्छ। अभ्यासको क्रममा सशस्त्रले खोज तथा उद्धारका लागि प्रयोग हुने सामग्रीको प्रदर्शनी समेत गरेको थियो। बाढी, पहिरो वा अरु दुर्घटनाका कारण खोँचमा खसेको व्यक्तिलाई कसरी उद्धार गर्ने भन्नेबारेमा पनि सशस्त्रले व्यावहारिक अभ्यास प्रदर्शन गरेको थियो। भदौको बाढीमा पनि नेपालका नदीमा सुरक्षित ढंगबाट र्‍याफ्टिङ सञ्चालन गर्न सकिन्छ भन्ने सन्देश दिन संगठनले त्यस क्षेत्रमा बिहीबार सञ्चारकर्मीसमेत संलग्न गराएर आठ किलोमिटर जलयात्रा सञ्चालन गरेको थियो। काठमाडौं र पोखराबाट १०० किलोमिटरको दूरीमा रहेको इच्छाकामना गाउँपालिका-४ स्थित बलको विपद् व्यवस्थापन तालीम केन्द्रसँगै त्यस क्षेत्रमा दुर्घटनाका बिरामीलाई तत्काल उपचार गर्नका लागि ट्रमा सेन्टरको निर्माण भइरहेको छ। सडक दुर्घटना वा प्राकृतिक विपत्तिका घटना भएको स्थानमा तत्कालै पुगेर खोज र उद्धारका क्षेत्रमा अब्बल सावित गर्ने ढंगले योजना बनाएर सशस्त्र प्रहरीले काम गर्दै आएको छ। रासस

## खानी उत्खननमा ..............

गर्नुपर्ने धारणा राख्नुभयो। यसैगरी कार्यक्रममा विशेष अतिथी तथा सांसद गुरु बुर्लाकोटीले सुन र चाँदीबाट बन्ने बस्तुहरुलाई विश्व बजार सम्म पुऱ्याउनुपर्ने बताउनुभयो। नेपाल घुम्न आउने पर्यकहरुलाई नेपालको चिनो स्वरुप सुन र चाँदीबाट बनेको बस्तुहरु निर्यात गर्न सके पेशा पनि राम्रो हुने र आर्थिक रुपले पनि सम्वृद्धि हुने धारणा राख्नुभयो। नेपाल सुनचादी कला व्यावसायी संघ धादिङका अध्यक्ष सानुबाबु बराईलीको अध्यक्षतामा सम्पन्न भएको उद्घाटन कार्यक्रममा नेपाल सरकारका बाणिज्य मन्त्री मिनबहादुर विश्वकर्माको प्रमुख आतिथ्य रहेको थियो। यसैगरी कार्यक्रममा धादिङ क्षेत्र नम्बर २ का सांसद गुरु बुर्लाकोटी र सुनचाँदी कला व्यावसायी संघका केन्द्रिय अध्यक्ष द्धारीका बिकको विषेश आतिथ्य रहेको थियो। कार्यक्रममा विभिन्न निकायका प्रमुख तथा प्रतिनिधिहरुको आतिथ्य रहेको थियो।

## प्रकोप व्यवस्थापनमा स्थानीय ..............

जम्मा गरिदिएको स्वेच्छिक रकम जम्मा हुँदै आएको छ।

निजी क्षेत्रका कम्पनीहरूले आफ्नो आयको निश्चित प्रतिशत संगठित सामाजिक उत्तरदायित्वका लागि खर्च गर्नुपर्ने जुन व्यवस्था छ, त्यसैलाई टेकेर नाफाको कम्तीमा ०.२ देखि ०.५ प्रतिशत रकम विपद् व्यवस्थापन कोषमा अनिवार्य हाल्नैपर्ने व्यवस्था गरेर यसका लागि स्रोत जम्मा गर्न सकिन्छ भने आमनागरिकबाट स्वेच्छिक सहभागिताको पनि आह्वान गर्न सकिन्छ।

प्रकोपपछिको व्यवस्थापनमा स्थानीय समुदायको सहभागिता प्रभावकारी हुने बंगलादेश र फिलिपिन्समा गरिएका अध्ययनहरूले देखाएको छ। त्यसैले स्थानीय सरकारको प्रत्यक्ष संलग्नता, सहभागिता र रेखदेखमा राष्ट्रिय विपद् व्यवस्थापन संयन्त्रकै मातहतमा रहने गरी प्रकोप व्यवस्थापनको स्थानीय रणनीति, कार्यक्रम र कार्यान्वयन दायित्व सञ्चालन गरिनुपर्छ।

प्रकोप जोखिम न्यूनीकरणसम्बन्धी संयुक्त राष्ट्रसंघीय संरचना (यूएनएसडीआर) ले प्रकोप व्यवस्थापनका लागि स्थानीय तहको कामबारे सूची नै तयार पारेको छ, जसमा प्रकोप व्यवस्थापनका लागि दृष्टिकोण पत्र बनाइनुपर्ने, एकल बिन्दु संयोजन/प्रकोपजन्य जोखिम न्यूनीकरणमा कार्यरत सबै संस्था, निकायको काम एकै संयन्त्रमातहत रेखदेख गर्ने व्यवस्था गरिनुपर्ने उल्लेख छ।

त्यस्तै बहुपक्षीय जोखिम मूल्यांकन, प्रकोप वहनका लागि वित्तीय स्रोत जुटाउन, त्यसलाई सही ढंगले परिचालित गर्नका लागि वित्तीय योजना विकास गर्ने पनि स्थानीय निकायले गर्नुपर्छ। प्रकोपजन्य जोखिमको सूचनासहित नयाँ ढंगले सहरी योजनाको विकास गर्ने वा भइरहेका सहरी योजनालाई अद्यावधिक गर्ने, भवन/पूर्वाधार निर्माण संहिताको निर्माण र तिनको कडाइका साथ पालना गर्ने काम गर्नुपर्छ।

प्रकोप वहन गर्न सक्ने गरी पर्या-प्रणालीको सुरक्षा, संरक्षण र पुनःस्थापना गर्ने, सामाजिक सहभागिता र सक्षमता अभिवृद्धि र प्रकोप व्यवस्थापन कार्ययोजना तयार पार्ने काम पनि स्थानीय तहले गर्नुपर्छ। पूर्वसूचना प्रणालीको स्थापना गर्ने र त्यसको प्रभावकारी परिचालन गर्ने तथा प्रकोपपश्चात्को पुनर्बहाली र पुनर्निर्माणको काम पनि स्थानीय निकायले गर्नुपर्छ।

हामीकहाँ तत्कालीन उद्धार र नाममात्रको राहत बाँडेपछि प्राकृतिक प्रकोप पीडितका लागि आफ्नो दायित्व पूरा भएको भन्ने गलत मनोवृत्ति हाबी छ। जबकि प्रकोपपीडितलाई उनीहरूको जीविकोपार्जनका लागिसमेत उपयुक्त ढंगले पुनःस्थापना गर्ने काम पहिलो दायित्वभित्र पर्छ।स्थानीय सरकारले कम्तीमा यसलाई टेकेर आफ्नो अधिकार र दायित्वअनुसारको कार्य अघि बढाउने हो भने आउँदो वर्षदेखि प्रकोपबाट हुने क्षति कम गर्न सकिन्छ।

अत्याधुनिक सेवा सुविधाका साथमा अब तपाईंकै शहर धादिङबेसीमा

**होटल जिविका एण्ड हुक्का बार**

धादिङबेसी, पुछारबजार

**सेवा सुविधा**

- चौबिसै घण्टा तातो पानीको व्यवस्था छ।
- सबै कोठामा रेडियो पत्रिका तथा टेलीभिजनको सुविधा। चौबिसै घण्टा रेष्टुरेन्ट तथा स्तरीय बारको सुविधा।
- अत्याधुनिक तालिम तथा पार्टी हलको व्यवस्था।
- ग्राहकको इच्छा तथा चाहना अनुरुप नेपाली, इन्डियन, चाइनिज र कन्टिनेन्टल खानाको व्यवस्था।
- देशको जुनसुकै कुनामा जानु परेपनि आफ्नै गाडीको सुविधा।
- खाना तथा खाजाको लागी होम डेलिभरीको सुविधा।

प्रो. ठाकुर बुर्लाकोटी

फोन नं. ०१०-५२०३०३/९७५१०२०३०३

# पिडितलाई खाना खर्च दिइने

❑ धादिङ आवाज संवाददाता

**काठमाण्डौ भदौ २ गते ।** गृह मन्त्रालयले बाढी प्रभावित क्षेत्रका नागरिकलाई महिनादिनसम्म खाना खर्च भन्दै दैनिक ७० रुपैयाँ दिने प्रस्ताव गरेको छ ।

गृह मन्त्रालय सिंहदरबामा शुक्रबार पत्रकार सम्मेलन गरेर गृहमन्त्री जनार्दन शर्माले बाढी प्रभावित ३० जिल्लाका नागरिकलाई प्रति व्यक्ति दैनिक ७० रुपैयाँ दिने प्रस्ताव गरेको जानकारी दिनुभयो । रकम दिएमा बाढी प्रभावित क्षेत्रका नागरिकले नजिकैको पसलबाट किनेर खान सक्ने भन्दै यस्तो निर्णय गरिएको पनि मन्त्री शर्माले बताउनुभयो । पसल नहुने स्थानमा खाद्य संस्थानले बिक्री गर्ने व्यवस्था गर्ने उहाँको भनाइ छ । यो प्रस्ताव मन्त्रीपरिषदमा लागिएको र मन्त्रिपरिषदले पारित गरे कार्यान्वयन हुनेछ । बाढीबाट अहिलेसम्म १ सय ३५ जनाको ज्यान गएको छ भने ३० जना बेपत्ता र ४० जना घाइते छन् ।

# विद्यार्थीले प्रभावितलाई सहयोग गरे

❑ धादिङ आवाज संवाददाता

**काठमाण्डौ भदौ २ गते ।** काठमाडौंका विद्यार्थीले रौतहटका बाढी पीडित दुई सय परिवारलाई राहत वितरण गरेका छन् ।

रत्नराज्य लक्ष्मी क्याम्पसमा अध्ययनरत विद्यार्थीको समूहले संकलन गरेको ३० लाख मूल्य बराबरको खाद्यान्न र लत्ता कपडा रौतहटको लक्ष्मीपुरका बाढी पीडितलाई वितरण गरेका हुन् । स्थानीय प्रशासनसँग समन्वय गरेर लक्ष्मीपुरका पीडितलाई सहयोग गरेको अनेरास्वयियुका केन्द्रिय सदस्य अशोक थापाले जनाउनुभयो । 'लक्ष्मीपुरका २ सय परिवार बाढी पीडितलाई खाद्यान्न र लत्ता कपडा वितरण गरेका छौं, पहाडमै जन्मिएको पहाडमै हुर्किएका हामीले तराईम धेशको पीडामा मल्हम लगाउन प्रयासमा जुटेका हौं', थापाले भने । 'हामी फरक फरक संगठनमा आवद्ध थियौं, देशमा संकट आउँदा मिल्नु पर्छ भनेर काठमाडौंबाट राहत बोकेर तराई झरेका हौं', अखिल क्रान्तिकारीका सचिवालय सदस्य नरेश रेग्मीले भने ।

नेपाल विद्यार्थी संघ आर. आर इकाइका उपाध्यक्ष पुस्कर बास्तोलाले तराई मधेश डुबानमा पर्दा टुलुटुलु हेरेर बस्न नसकेको बताउँदै भने, 'हिमाली, पहाडी वा मधेशी जे भएपनि आखिर हामी नेपाली हौं, एउटा नेपालीलाई दुःख पर्दा अर्को नेपालीले सहयोग गर्नुपर्छ भन्ने भावना बोकेर राहत बाँड्न आयौं ।' अभियानमा राष्ट्रिय बक्सिङ संघका महासचिव महेश श्रेष्ठ, स्वतन्त्र विद्यार्थी युनियन आर. आर क्याम्पसका कोषाध्यक्ष संगम देवकोटा, सुभाष ढुंगाना, देवेन्द्र शर्मा, सागर ज्ञवाली, नविन केडी, सुष्मा बराइली, तुलसा कार्कीलगायत विद्यार्थीले राहत संकलन अभियान चलाएका थिए ।

# अज्ञात रोगका कारण मृत्यु

❑ धादिङ आवाज संवाददाता

**धरान भदौ २ गते ।** धरानस्थित विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा पहिचान नखुलेको रोगका कारण ४ जना बालबालिकाको मृत्यु भएको छ ।

प्रतिष्ठानको बालरोग विभागका चिकित्सकले समेत रोगको पहिचान गर्न सकेका छैनन् । मृत्यु हुने बालबालिका सबै ६ देखि १४ वर्षका छन् । प्रतिष्ठानको सूचना विभागले दिएको जानकारी अनुसार साउन १५, २४, ३१ र भदौ १ गते ती बच्चाहरुको प्रतिष्ठानमा उपचारका लागि ल्याइएका वेला प्रारम्भिक उपचार गर्ने क्रममा मृत्यु भएको थियो । मृतकहरु इटहरी-१० का राजु कार्की, कन्चनपुर १० सप्तरीका प्रतीकुमारी चौधरी, ठोकशिला ९ उदयपुरका प्रशान्त राई र धरान १७ का विकल्प राई रहेको प्रतिष्ठानका सूचना अधिकृत सुजेन्द्र तामाङले बताउनुभयो । सुरुमा उच्च ज्वरो आउने, रगत छाद्ने, पेट दुख्ने लक्षण देखिएको उपचारमा संलग्न चिकित्सक डा. प्रकाश पौडेलले बताउनुभयो ।

बालरोग सम्बन्धी चिकित्सकहरुले डाइनोसिस गर्न नपाउँदै रगत बान्ता गर्ने, पेट दुख्ने र श्वास फेर्न नसक्ने भई एक दुई घण्टामै ज्यान जाने गरेकाले प्रतिष्ठानले काठमाडौंको टेकुस्थित इपिडेमीयोलोजी तथा रोग नियन्त्रण महाशाखालाई यसबारे जानकारी गराएको छ । बालरोग आकस्मिक कक्षका चिकित्सक डा. बसन्त राईले अहिलेसम्म रोगबारे थाहा पाउन नसकेको बताउनुभयो ।

# बाढीले बगाएर भारत पुर्‍याएको गैंडाको उद्दार

❑ धादिङ आवाज संवाददाता

**काठमाण्डौ भदौ २ गते ।** केही दिनअघि आएको बाढीले बगाएर भारत पुर्‍याएको दुर्लभ एकसिंगे गैंडाको उद्धार गरिएको छ ।

आन्दाजी साढे दुई वर्षको जस्तो देखिने पोथी गैंडाको बिहीबार उद्धार गरी शुक्रबार ट्रकमा राखी चितवन ल्याइएको चितवन राष्ट्रिय निकुञ्जका सूचना अधिकारी तथा सहायक संरक्षण अधिकृत नुरेन्द्र अर्यालले जानकारी दिनुभयो । बाढीले निकुञ्जबाट बगाएको उक्त गैंडालाई नेपाल भारत सीमाभन्दा ४२ किलोमिटर दक्षिणमा पर्ने भारतको बगाहा भन्ने स्थानमा फेला पारिएको भारतीय पक्षको सूचनाका आधारमा उद्धार गरी नेपाल ल्याइएको अर्यालले जानकारी दिनुभयो । गाउँको घनाबस्तीको बीचमा रहेको उखुबारीमा गैंडा फेला परेको थियो ।

गैंडालाई शुक्रबार नै चितवन राष्ट्रिय निकुञ्जमा छाडिएको जनाइएको छ । यसरी बाढीले पाँचवटा गैंडा बगाएको पाइएको निकुञ्जले जनाएको छ । त्यसमध्ये उद्धारै गर्नुपर्ने अवस्थाको देखिएकाले यसलाई उद्धार गरिएको हो । एउटा गैंडा बाल्मिकी आश्रम नजिकै नेपाल भारतको सीमा क्षेत्रमा आउजाउ गरिरहेको फेला परेको र एउटा गैंडा भारततर्फ नारायणी नदी किनारको बाल्मिकीनगरस्थित जंगलको सानो टापुमा देखिएको अर्यालले जानकारी दिनुभयो । अर्को गैंडा भारतको मध्यवर्ती जंगलमा देखिएको जनाइएको छ । अर्यालको नेतृत्वमा गएको व्यवस्थापकीय टोली र वरिष्ठ पशु चिकित्सक डा कमल गैरेको नेतृत्वमा गएको प्राविधिक टोलीले गैंडाको उद्धार गरेर ल्याएको हो । रासस


समुदायको लागि समुदायको आवाज

रेडियो धादिङ १०६ मेगाहर्ज



सम्पर्क

समाचारका लागि : ०१०५२०९६०, email-news.radiodhading106@gmail.com
कार्यक्रमका लागि : ०१०५२०९६१, email-pro.radiodhading@gmail.com
विज्ञापनका लागि : ०१०५२०९६०, email-marketing.radiodhading@gmail.com
प्रशासनका लागि : ०१०५२०९६०, email-radiodhading@gmail.com

हरेक दिन बिहान ५:०० देखि राती १०:०० सम्म दैनिक १७ घण्टा, ईन्टरनेट अनलाईनमा www.radiodhading.org मार्फत संसारभर एकैसाथ समाचारमुलक, चेतनामुलक र मनोरञ्जनात्मक सामाग्रीहरुका साथमा तपाईको सेवामा ।



सिताराम बराइली सुन चाँदी पसल

शान्तबजार, धादिङबेंसी
फोन:०१०-५२०४५३, ९८४१५२३५३६



प्रोप्राईटर
सिताराम बराइली

यहाँ आधुनिक डिजाइनका गरगहनाहरु ग्यारेन्टीका साथ तयार गरिन्छ ।



हामीलाई सम्झनु होस्

कान्तिपुर दैनिकका अधिकृत विक्रेता ,विभिन्न विद्यालयका पाठ्यपुस्तक,उच्च मावि तथा क्याम्पसका पुस्तकहरु,स्टेशनरी सामानहरु र कुरीयर सेवा आवश्यक परेमा हामीलाई सम्झनुहोस्

त्रिपुरा पुस्तक पसल

धादिङबेशी,धादिङ
प्रो:नारायणकुमार श्रेष्ठ
फोन नं.०१०-५२०१९०, ९८५१०१३३८७



## हाम्रा स्थानीय वितरकहरु

- त्रिपुरा पुस्तक पसल, धादिङवेसी ०१०-५२०१९०, ९८५१०१३३८७
- राना पुस्तक तथा स्टेशनरी धादिङ, फोन नं ९८४१६४१९७२
- सरस्वती पुस्तक भण्डार, धादिङ फोन ०१०-५२१०८३, ९८४१३७९०१९
- तिनकन्या स्टेशनरी मलेखु, ०१०४००८०
- शुदर्शन कंडेल मलेखु, ०१०-४०००००५
- ग्लोरियस मल्टीसोलुसन एकेडेमी गजुरी, ९८४१०४३९०१
- प्रशान्त स्टेशनरी मासटार, ९८४१८१३९६८
- हिमाल बुक्स बैरेनी, ९८५११३२८०१
- महाकाली स्टेशनरी सिम्ले, ९८५१११९५५०
- के.वी.फोटो स्टुडियो महादेवबेसी, ९७२१२३४६५७
- जयकाली बुक्स स्टेशनरी धार्के, ९८४१५६५७३५
- राजेन्द्र पाठक नौविसे, ९८४१७१६०६४
- राजेन्द्र ढुंगाना घाटबेशी, ९८४१४१२४९७
- जगआंगन स्टेशनरी आदमघाट, ९८५११०६८५६
- लक्ष्मी बुक्स आरुघाट ०१०६९१४७४, ९८४१२७८६०९



प्रतिक कम्प्यूटर सेन्टर



विगत लामो समय देखी जिल्लाको सरकारी तथा गैर सरकारी संस्थाहरुमा कुसलता पुर्वक सेवा दिँदै आएको यस प्रतिक कम्प्यूटरले ग्राहक वर्गको माग तथा आवश्यकतालाई ध्यानमा राखी विभिन्न सेवाहरु विस्तार गरिएको कुरा सहर्स जानकारी गराउंदछौं ।

हाम्रा सेवाहरु

☞कम्प्यूटर (Branded & assemble) Laptop, Printer, Fax, Photocopy, UPS तथा Computer सम्बन्धी सम्पूर्ण Parts खरीद तथा विक्रि
☞धादिङमा पहिलो पटक तथा एक मात्र Chip लेवलको काम हुने (Mother board, repair, monitor, fax. Printer UPS, Photocopy)
☞बढ्दै गईरहेको Security risk लाई ध्यानमा राखी CCTV Camara, salse & Service को व्यवस्था
☞Telephone Intercom (EPABX) Salse & Service
☞धादिङको लागी Kasparesky Anti Virus & Brother को dealer & service senter .

प्रो. तिलक सिंखडा
फोन नं.०१०-५२०६१७, ९७५१०६७७७८
धादिङबेशी बीचबजार, राष्ट्रिय वाणीज्य बैंक अगाडीको घर


प्रकाशक : पाविल प्रकाशन प्रा.लि . कार्यालय : निलकण्ठ-न पा. ३, धादिङबेंसी, फोन नं. ०१०-५२०६१५, ९८५११२८२२८,
ईमेल : dhadingawajdaily@gmail.com मुद्रण : पाविल छापाखाना (अफसेट प्रेस) धादिङबेंसी, पुष्पबजार, सम्पादक: दामोदर अर्याल